खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामतडी,मुगु

कर्णाली प्रदेश,नेपाल

मिति २०८३/०५/०८

पत्र संख्याः- २०८३/०८४

चलानी नं.-

**रेरास परियोजनाबाट ५०% लागत साझेदारीमा (Matching Grant) मा कृषि विद्युतिय उपकरणको माग संकलन सम्बन्धि सूचना।**

**(दोस्रो पटक प्रकाशित मिति २०८३/०५/०८)**

यस खत्याड गाउपालिकाको समन्वयमा कृषि खाद्य प्रणालीको लागि नविकरणीय उर्जा (RERAS) परियोजना अन्तर्गत स्थानिय कृषक,कृषक समुह,कृषि सहकारी तथा समुदायमा आधारित संस्थाहरूको कृषि उपज प्रशोधन तथा मुल्य अभिवृद्धिमा सहयोग पुर्याउने उद्देश्यले ५०%लागत साझेदारीमा (Matching Grant) मा कृषि विद्युतिय उपकरण सहयोग गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक/कृषक समुह/सहकारी/संस्था माग आवेदन पेश गर्न यो सुचना प्रकाशित गरिएको छ ।यस सुचनाको प्रकाशन भएको ७(सात) दिन भित्र खत्याड गाउँपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।यस सम्बन्धमा थप जानकारीका लागि सम्पर्क नं.९८५११४७५३४ मा सम्पर्क गर्नुहोला ।

**उपलब्ध गराईने कृषि विद्युतिय उपकरणहरू**

| क.सं. | उपकरणको नाम | उपलब्ध उपकरणको संख्या | मुख्य प्राविधिक विवरण | क्षमता | प्रयोग |
|---|---|---|---|---|---|
| १ | विद्युतिय मल्टि क्रप थ्रेसर | ४ वटा | पावरः२.५-३HP<br>सिंगल फेज विद्युत<br>तौलः६५-७५ के.जी.<br>आकारः१५००*१०२०*११७० मि.मि.<br>फलामको बडी | ५००-६०० के.जी./घण्टा | धान,गहुँ तथा कोदो चुट्नको लागि |
| २ | विद्युतिय कुटानी मिल | २ वटा | पावरः२.५-३HP<br>सिंगल फेज विद्युत<br>तौलः ४६ के.जी.<br>आकारः ६४०*४००*११६५ मि.मि.<br>डिस्क टाइप मिल | १२०-१५० के.जी./घण्टा | कुटानीको लागि |
| ३ | विद्युतिय पिसानी मिल | २ वटा | मोटरः ५ HP<br>सिंगल फेज विद्युत<br>मोटर तौलः ५५-६५ के.जी.<br>ग्राइन्डर व्यासः १८ इन्च<br>फलामको बडी | ५० के.जी./घण्टा | अन्न, गेडागुडी तथा मसला पिस्न |

**लागत साझेदारीको व्यवस्था**

उपकरण खरिद तथा जडानका लागि लाग्ने कुल स्विकृत लागतमाः

१. RERAS परियोजनाको योगदानः ५०%

२. लाभग्राहि कृषक/समुह/सहकारी/संस्थाको योगदानः ५०%

लाभग्राहीले आफ्नो लागत साझेदारीवापतको ५०% रकम नगद/स्विकृत प्रकिया अनुसार उपलब्ध गराउन सक्ने प्रतिवद्वता पेश गर्नुपर्नेछ ।

सक्षम निजामती प्रशासनःविकास समृद्धि र सुशासन

Email.ito.khatyadmun@gmail.com,khatyadagri@gmail.com

खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रामतडी,मुगु

कर्णाली प्रदेश,नेपाल

**आवेदन दिन सक्ने लाभग्राहीहरू**

१.कृषक समुह

२.कृषि सहकारी संस्था

३.सामुदायिक संस्था

४.कृषि उद्यमि/कृषि व्यवसायी

५.स्थानिय समुदायमा आधारित संस्था

**प्राथमिकताका आधारहरू**

१.कृषि उपजको उत्पादन तथा प्रशोधनको पर्यास सम्भावना भएको क्षेत्र ।

२.उपकरणबाट धेरै कृषक/घरधुरी लाभान्वित हुने अवस्था ।

३.महिला तथा सीमान्तकृत/विपन्न कृषकको सहभागिता र लाभ सुनिश्चित हुने अवस्था ।

४.उपकरण संचालनका लागि आवश्यक सिंगल फेज विद्युत सुविधा उपलब्ध भएको र Transformer बाट ५०० मिटर भित्रको क्षेत्रमा अवस्थित हुनु पर्ने ।

५.उपकरणलाई सामुदायिक सेवामुलक व्यवसायिक मोडलमा संचालन गर्ने स्पष्ट योजना भएको ।

६.उपकरण संचालन,व्यवस्थापन तथा नियमित मर्मतसम्भार गर्न सक्ने क्षमता भएको ।

७.लाभग्राहीले ५०% लागत साझेदारीमा सुनिश्चित गर्न सक्ने अवस्था भएको ।

८.विगतमा समान प्रकृतिको अनुदान/उपकरण सहयोग नलिएको वा दोहोरो सहयोग नहुने सुनिश्चितता भएको ।

**आवेदनसंग पेश गर्नुपर्ने कागजातहरू**

१.निवेदन

२.संस्था/दर्ता प्रमाणपत्रको प्रतिलिपी

३.PAN/VAT प्रमाणपत्र र करचुक्ता (२०८२/२०८३)

४.समुह/संस्थाको निर्णयको प्रतिलिपी

५.स्थानिय जल लघु विद्युत आयोजना कार्यालयबाट माग क्षमता अनुरूप मेसिनरी उपकरणहरू पुर्ण रूपमा संचालन हुने प्राविधिक सिफारिस पत्र

६.उपकरण प्रयोग गरिने कृषि उपज तथा अनुमानित वार्षिक परिमाण

७.प्रत्यक्ष लाभान्वित हुने कृषक/घरधुरी संख्या

८.उपलब्ध विद्युत सुविधाको विवरण

९.उपकरण संचालन तथा व्यवस्थापनको योजना

१०. ५०% लागत साझेदारी गर्न सक्ने प्रतिबद्धता

११.उपकरण संचालनको लागि आवश्यक पर्ने थप विद्युतिय सामग्रीहरू जडान तथा बेहोर्ने प्रतिबद्धता

१२.उपकरण संचालनको लागि जिम्मेवार व्यक्ति/समितिको विवरण

२०८३/०५/०८

(विजय ओली)

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

सक्षम निजामती प्रशासन:विकास समृद्धि र सुशासन

Email.ito.khatyadmun@gmail.com,khatyadagri@gmail.com